**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**फैसला**

**०७२-RB-०१९७**

**मुद्दाः- आयकर(०६४।०६५)।**

| | |
|---|---|
| आन्तरिक राजस्व कार्यालय काठमाडौँ क्षेत्र नं. ३ लाजिम्पाट, काठमाडौँको तर्फबाट ऐ. कार्यालयका प्रमुख कर प्रशासक राजेन्द्र प्रसाद शर्मा ..............................१ | पुनरावेदक वादी |

**विरुद्ध**

| | |
|---|---|
| का.जि.का.म.न.पा. वडा नं. २९ ठमेल, काठमाडौँ स्थित ठमेल बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अख्तियार प्राप्त कार्यकारी प्रमुख श्री कृष्णमान प्रधान.....................................................................................१ | विपक्षी प्रतिवादी |

**सुरु तहमा फैसला गर्नेः-**

माननीय अध्यक्ष श्री दीपककुमार कार्की

लेखा सदस्य श्री हरि पोखरेल

राजस्व सदस्य श्री मणिदेव भट्टराई

राजस्व न्यायाधिकरण, काठमाडौँ

फैसला मितिः- २०६९।०३।२१

राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।३।२१ को फैसला उपर आन्तरिक राजश्व कार्यालय, क्षेत्र नं. ३ राजश्व न्यायाधीकरण ऐन, २०३१ को दफा ८ बमोजिम अनुमतिको निवेदन दिई अनुमति प्रदान भई पुनरावेदनको रोहबाट पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. करदाता ठमेल बचत तथा ऋण सहकारी संस्था लि. को आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आर्थिक वर्ष २०६४।०६५ को आय विवरण मिति ०६५।६।२९ मा पेश हुन आएको रहेछ।

२. प्रस्तुत करदाताको यस आ.व.०६०।६१ को सम्बन्धमा कम्पनीले आयकर ऐन, २०५८ वमोजिम मुनाफा र लाभमा समावेश गर्नु पर्ने रकम समावेश नगरेको साथै कट्टी गर्न नपाउने खर्चहरु समेत दावी गरेको पाइएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर योग्य आय कायम गरी कर निर्धारण गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबूद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१ (६) बमोजिम करदातालाई मिति २०६७।८।२३ मा विस्तृत व्यहोरा खुलाई लिखित सुचना जारी गरिएको। उक्त कर निर्धारण आदेश करदाताले मिति २०६७।८।२३ मा बुझी लिएको।

३. सुचनामा उल्लेखित खर्चहरु कट्टी गर्न पाउनु पर्ने र कम्पनीको मुनाफा र लाभमा समावेश गर्न नमिल्ने हुँदा संस्थाले पेश गरेको आय विवरण बमोजिमकै हिसाव कायम गरी पाँउ भन्ने करदाताको जिकिर।

४. प्रस्तुत करदाताको यस आ.व.०६४।०६५ को संशोधित कर निर्धारण गर्ने सम्बन्धमा सम्पूर्ण कानूनी प्रावधान पूरा भएको देखिएकोले आय विवरण तथा सो सँग संलग्न वासलात तथा नाफा नोक्सान हिसाब पेश भएको अन्य कागजातहरुको आधारमा आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करयोग्य आय रु.५९,७३,२७७।१० कायम गरी संशोधित कर निर्धारण गर्ने भन्ने आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३, काठमाडौंबाट भएको मिति २०६७।९।१६ को निर्णय। सो बमोजिम करदाताको नाममा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३, काठमाडौंबाट मिति २०६७।९।१६ मा जारी भएको संशोधित कर निर्धारणको सूचना।

५. विपक्षी कार्यालयले संशोधित कर निर्धारण गर्दा खर्च कट्टी नदिएको मिति २०६७।९।१६ को निर्णय तथा मिति २०६७।९।१६ मा जारी भएको संशोधित कर निर्धारणको सूचना समेत बदर गरी पाँउ भनी करदाताले आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि मिति २०६७।१०।१७ मा दिएको निवेदन।

६. करदाताको निवेदन, कार्यालयको प्रतिकृया तथा सक्कल फायलसाथ संलग्न कागजातहरुको अध्ययन गर्दा बैंकिङ्ग कारोवार गर्नको लागि नेपाल राष्ट्र बैंकबाट इजाजत नलिएका संस्थाहरुले जोखिम व्यहोर्ने कोषमा रहेको रकम आयकर प्रयोजनका लागि दावी खर्च अमान्य गर्ने तथा स्वीकृत अवकाश कोषमा रकम जम्मा गरेको प्रमाण पेश नभएको तथा कर्मचारीको आयमा समेत समावेश नभएको संचयकोष योगदान रकमलाई खर्च अमान्य गर्ने निर्णय कानूनसम्मत भएको देखिएको हुँदा करदाताको जिकिर पुग्न नसक्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागको मिति २०६७।११।९ को निर्णय।

७. देहायका शिर्षकमा उल्लेखित खर्च रकमहरु आयमा समावेश गर्ने र खर्च कट्टी नदिने गरी भएको आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३, काठमाडौंको निर्णय तथा संशोधित कर निर्धारणको सूचना र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको निर्णय वदर गरी पाँउ भन्ने करदाताको राजश्व न्यायाधिकरण काठमाडौंमा परेको पुनरावेदन पत्र।

क. जोखिम व्यर्होने कोष व्यवस्था खर्च................................ रु. ९,४५,१२४।८५

ख. कर्मचारीको संचयकोष योगदान रकम............................. रु. ४१,४७०।-

८. पुनरावेदकलाई आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं ३, काठमाण्डौले जोखिम व्यहोर्ने कोष व्यवस्था खर्च नपाउने गरी गरेको निर्णय र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको निर्णय मिलेको नदेखिदा सो हदसम्म उल्टी हुने ठहर्छ भन्ने बेहोराको राजस्व न्यायाधिकरणबाट मिति २०६९।३।२१ मा भएको फैसला।

९. करदाता ठमेल बचत तथा ऋण सहकारी संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकबाट बैकिङ्ग व्यवसाय संचालन गर्ने स्वीकृति नलिएको हुंदा आयकर ऐन, २०५८ को दफा ५९ बमोजिमको सुविधा नपाउने भएकोले राजश्व न्यायाधीकरण काठमाडौंबाट भएको फैसला त्रुटीपूर्ण भएको हुंदा उक्त फैसला बदर हुन प्रस्तुत मुद्दामा पुनरावेदन गर्ने अनुमति प्रदान गरी आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ बाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय सदर कायम गरी पाउँ भन्ने बेहोराको यस अदालतमा परेको निवेदन पत्र।

१०. यसमा आयकर ऐन, २०५८ को दफा ५९(१) मा बैङ्किङ व्यवसाय संचालन गर्ने कुनै व्यक्तिको कुनै आयवर्षमा सो व्यवसायबाट प्राप्त हुने आय वा नोक्सानीको गणना गर्दा सो व्यक्तिले सन्चालन गरेको अन्य व्यवसाय भन्दा बैङ्किङ व्यवसायलाई भिन्न

व्यवसायको रुपमा मानी छुट्टै गणना गर्नु पर्ने छ भन्ने व्यवस्था भएको र सहकारी ऐन, २०४८ को दफा २६ ले बैङ्किङ कारोबार गर्न राष्ट्र बैंकको पूर्व स्वीकृती लिनु पर्छ भन्ने व्यवस्था गरेकोमा राष्ट्र बैंकद्वारा स्वीकृत नलिई संचालन गरिएको बैङ्किङ कारोवारमा जोखिम बहन गर्ने कोषमा रकम कट्टा गरेको उपयुक्त ठहर भई गरेको राजश्व न्यायाधिकरणको मिति २०६९।३।२१ को फैसलामा उक्त दफा ५९ र २६ समेतको गम्भिर त्रुटी भएको पाइएकोले राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को घ को विद्यमानता देखिँदा यस अदालत समक्ष पुनरावेदन दर्ता गर्न अनुमति दिइएको छ भन्ने बेहोराको यस अदालतबाट मिति २०७२।०६।१५ मा भएको आदेश।

<u>ठहर खण्ड</u>

११. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र सहितका मिसिल अध्ययन गरियो।

१२. पुनरावेदक वादी आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. ३ का तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री शंकर खत्रीले विवादित आ.व. मा करदाताले जोखीम व्यहोर्ने कोषमा दाखिला गरी खर्च कट्टी दावी गरेको रकमलाई राजश्व न्यायाधीकरण काठमाडौंले सो रकम खुद आयबाट मिन्हा दिने गरी भएको निर्णय नमिलेको हुँदा बदर गरी शुरु आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. ३ ले खुद आयमा समावेश गर्ने गरेको निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१३. त्यसैगरी प्रत्यर्थी प्रतिवादी ठमेल बचत तथा ऋण सहकारी संस्था लि. को तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री लोकभक्त राणाले जोखिम व्यहोर्ने कोषमा दाखिला भएको रकमलाई छुट दिने गरी भएको राजश्व न्यायाधिकरण काठमाडौंको फैसला सदर होस भनी गर्नुभएको बहस समेत सुनियो।

१४. विद्वान कानून व्यवसायीहरुको बहस समेत सुनी राजश्व न्यायाधीकरण, काठमाडौंले गरेको फैसला मिले नमिलेको के रहेछ? पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन? सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. निर्णय तर्फ विचार गर्दा, करदाता ठमेल बचत तथा ऋण सहकारी संस्थाले आ.व. ०६४।०६५ को आय विवरण पेश गरेकोमा आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. ३ ले पेश भएको आय विवरणमा जोखिम व्यहोर्ने कोषमा रहेको रकम र कर्मचारी संचयकोष योगदान रकमलाई खुद आयमा समावेश गरेकोमा सो उपर करदाता आन्तरिक राजश्व विभागमा प्रशासकिय पुनरावलोकनका लागि निवेदन दिएकोमा सो विभागले पनि शुरु

कार्यालयको निर्णय सदर हुने गरी निर्णय भएको पाइन्छ। सो निर्णय उपर करदाता राजश्व न्यायाधीकरण काठमाडौंमा पुनरावेदन गएको पाइन्छ। राजश्व न्यायाधीकरण काठमाडौंले जोखिम व्यहोर्ने कोषमा रहेको रकमलाई खुद आयबाट मिन्हा दिने गरी भएको फैसला उपर चित्त नबुझाई आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. ३ ले यस अदालतमा अनुमतिको निवेदन दिई अनुमति प्रदान भै पुनरावेदनको रोहमा दर्ता भई पेश हुन आएको देखिन्छ।

१६. पुनरावेदक आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. ३ को पुनरावेदन पत्रमा मुलतः जोखिम व्यहोर्ने कोष वापतमा खर्च कट्टी दावी गरिएको रु. ९,४५,१२४।८५ खुद आयबाट मिन्हा दिने गरी भएको राजश्व न्यायाधीकरण काठमाडौंको फैसला बदर गरी पाउँ भन्ने नै मुख्य दावी रहेको पाइयो।

१७. सो सम्बन्धमा प्रत्यर्थी करदाता ठमेल बचत तथा ऋण सहकारी संस्था लि. ले आ.व. २०६४।६५ को आयमा जोखिम व्यहोर्ने कोष वापतमा खर्च दावी गरिएको रकम आयकर ऐन, २०५८ को दफा ५९(१क) को सुविधा करदाता सहकारी संस्थाले पाउने वा नपाउने के हो भनी हेर्नुपर्ने देखिन्छ। सो ऐनको उक्त दफामा **"नेपाल राष्ट्र बैंकले तोकेको मापदण्डको अधिनमा रही वैकिङ्ग व्यवसाय संचालन गर्ने व्यक्तिले जोखिम व्यहोर्ने कोषमा राखेको असुल हुन बाँकी ऋण रकम तथा गैर वैकिङ्ग सम्पत्ति बापत व्यवस्था गरिएको रकम समेतको पाँच प्रतिशत सम्मको रकमलाई खर्चको रुपमा कट्टी गरिनेछ"** भन्ने व्यवस्था रहेको पाइन्छ।

१८. प्रत्यर्थी करदाता ठमेल वचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन, २०४८ बमोजिम वैकिङ्ग कारोबार गर्ने गरी दर्ता रही कामकाज गरेको कुरामा विवाद देखिँदैन। सोही सहकारी ऐन, २०४८ को दफा २६ मा बैकिङ्ग कारोबार गर्न सक्ने व्यवस्था गरिएको पाइन्छ। सहकारी संघ/संस्था दर्ता संचालन लेखा परिक्षण अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०६८ को दफा ३० मा नेपाल राष्ट्र बैंकबाट सिमित वैकिङ्ग कारोबार गर्ने र राष्ट्रिय सहकारी बैंकको हकमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ऋण नोक्सानी कोषको व्यवस्थापन गर्नुपर्नेछ भन्ने शहरी विकास तथा गरिबी निवारण मन्त्रालय सहकारी विभागबाट परिपत्र जारी भएको पाइन्छ। सो मापदण्ड अनुसार वैकिङ्ग कारोबार गर्न स्वीकृति लिएका सहकारी संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको शर्त र समय समयमा दिएको निर्देशन पालना गरी ऋण नोक्सानी कोषको व्यवस्थापन गर्नुपर्ने दायित्व प्रत्यर्थी करदाता सहकारी संस्थामा पनि रहेको पाइन्छ।

करदाता सहकारी संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन, शर्त पालना गरी आ.व. ०६४।०६५ मा रु. ९,४५,१२४।८५ जोखिम व्यर्होने कोषमा राखेको पाइन्छ। यस अवस्थामा आयकर ऐन, २०५८ को दफा ५९(१क) मा भएको जोखिम व्यर्होने कोषमा राखेको रकम खर्च कट्टी गर्न पाउने सुविधा करदाता सहकारी संस्थाले नपाउने भनी व्याख्या गर्नु न्यायोचित देखिन आएन।

१९. यसर्थ, राजश्व न्यायाधीकरण काठमाडौंको मिति २०६९।३।२१ को निर्णयमा जोखिम व्यर्होने कोष व्यवस्थापनको लागि राखेको रकम खुद आयबाट मिन्हा दिने गरी भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक वादी आन्तरिक राजश्व कार्यालय क्षेत्र नं. ३ को पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी यो फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार बुझाईदिनु।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत (उपसचिव)ः इन्द्रबहादुर कठायत र भेषराज भट्टराई

कम्प्युटर टाईप गर्नेः विकेश गुरागाई

इति संवत २०७९ भदौ १३ गते रोज २ शुभम् ----------------------------------।